“समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार”

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी, झापा
कोशी प्रदेश, नेपाल

मितिः २०८०।१०।०९

पत्र संख्याः ०८०/०८१ ( प्रशासन शाखा )
च. नं :

## कनकाई नगरपालिकामा सुरक्षा सेवाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।

सूचना नं KANAKAI/PROP/२०८०-८१-०३
प्रथम पटक प्रकाशित मितिः २०८०/१०/०९

यस नगरपालिकाको प्रशासनिक भवनको सुरक्षा गर्नुपर्ने भएकाले प्रति सिफ्ट १ जना सुरक्षा गार्ड र १ जना गार्ड कमाण्डर करार सेवामा लिनको लागि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ (३) बमोजिम सुरक्षा सम्बन्धि कार्य गर्ने ईजाजत पत्र, कर चुक्ता प्रमाणत्र समेत संलग्न गरी ईच्छुक व्यवसायीहरुबाट तोकिएको शर्त र नियमको अधिनमा रहि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा प्रस्ताब आह्वान गरिएको छ ।

**शर्तहरुः**

**१. सुरक्षा गार्ड सप्लायर्स कम्पनी वा फर्मको न्युनतम योग्यताः**

- सुरक्षा गार्ड आपूर्ति सम्बन्धि कार्य गर्ने कम्पनी, फर्म वा व्यवसायी नेपाल सरकारबाट सो कार्य गर्न पाउने इजाजत दर्ता भएको फर्म हुनु पर्छ ।
- सुरक्षा गार्ड आपुर्ति सम्बन्धि कार्य गर्ने कम्पनी फर्म गृह मन्त्रालय अन्तरगतका प्रशासन कार्यालय वा जिल्ला प्रहरी कार्यालयबाट सुरक्षा सम्बन्धि कार्य गर्ने शिफारिस (ईजाजत पत्र) समेत भएको हुनु पर्नेछ ।
- सुरक्षा गार्ड आपुर्तिको कार्य घटीमा विगत २ वर्ष देखि निरन्तर गरिरहेको कार्य अनुभव भएको
- इजाजतपत्र नविकरण भएको हुनु पर्नेछ ।
- आयकर एवं मू.अ.कर दर्ता प्रमाणपत्र
- आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्र
- खरिद कारवाहिमा भाग लिन अयोग्य नभएको भनी लिखितरुपमा स्वाः घोषणापत्र पेश गरेको ।

**१. सुरक्षा गार्डको न्यूनतम योग्यताः**

- सुरक्षा गार्ड कमान्डर नेपाली सेना, स. प्रहरी, नेपाल प्रहरी बाट कुनै बात कसुर नलागी सेवा निवृत्त भएको वा सुरक्षा गार्डको रुपमा घटीमा ५ वर्ष कार्य गरेको अनुभव भएका हुनु पर्दछ ।
- सुरक्षा गार्डको उमेर २५ वर्ष पुरा भई ५० वर्ष ननाघेको शारीरिक र मानसिकरुपमा ठीक तन्दुरुस्त भएको हुनु पर्दछ ।

**१. सुरक्षा गार्ड आपूर्ति सम्बन्धि सेवा, शर्त, सुविधा र स्पेशिफिकेशन**

- सेवा आपूर्तिकर्ता संस्थाले सरकारी र गैर सरकारी निकायहरुमा घटीमा ५० जना सुरक्षा गार्ड विगत वर्ष देखि निरन्तर सफलतापूर्वक परिचालन गरेको प्रमाणबाट न्यूनतम योग्यता निर्धारण गरिने हुदाँ सो को प्रमाण अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

पत्र संख्याः ०८०/०८१ ( प्रशासन शाखा ) मितिः २०८०।१०।०९

च. नं :

- सुरक्षा गार्डको लागि मौसम अनुसारको पोशाक र सुरक्षा साधनहरु (हतियार आदि) सेवा आपूर्तिकर्तालेनै उपलब्ध गराउनु पर्नेछ ।
- महिला सुरक्षा गार्ड कार्यालय समयमा विहान ९:३० देखि साझ ५:३० सम्म एक जना खटाउनु पर्नेछ । महिला सुरक्षाकर्मीलाई रात्री समयमा काममा खटाउन पाइने छैन ।
- सुरक्षा संकट अवस्थामा आपुर्तिकर्ताले प्रहरीसंग समन्वय गरि मजबुत सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।
- प्रस्ताब स्वीकृत भई सम्झौता कबुलियतनामा सहिछाप भएको १५ दिन भित्र कार्यालयको सुरक्षामा खटाईने प्रत्येक सुरक्षागार्डको निरोगिताको प्रमाणपत्र तिनपुस्ते खुलेको बिवरण नागरिकता प्रमाण पत्र र हालसालै खिचेको फोटो र मोवाईल नं सहितको विवरण अनिवार्य रुपले यस कार्यालयमा आपूर्तिकर्ताले बुझाउनु पर्नेछ ।
- कार्यरत सुरक्षा गार्ड कुनै पनि कारणले विरामी घाईते वा मृत्यु भएमा सो को जिम्मेवारी कार्यालय हुने छैन ।
- सम्झौतामा तोकिएको ठेक्का रकम र सो मा लाग्ने मु अ क बाहेक अन्य कुनै पनि रकम यस कार्यालयले सुरक्षागार्ड आपूर्तिकर्ता संस्थालाई थप रकम भुक्तानी दिईने छैन ।
- आपूर्तिकर्ताले यस कार्यालयमा खटिने सुरक्षागार्डहरुको ड्युटी लिस्ट एक साता अघि यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- काबु बाहिरको परिस्थिती भनि नेपाल प्रहरी र प्रशासनले प्रमाणित गरेको अवस्थाबाहेक खटिएका सुरक्षा गार्डको लापरबाहि हेलचेक्राई अनुशासनहिन कार्यबाट भएको क्षति आपूर्तिकर्ताबाट असुल उपर गरिनेछ ।
- आपूर्तिकर्ताले खटाईएको गार्डले सन्तोषजनक कार्य नगरेमा मादकपदार्थ सेवन गरि आएमा वा बारम्बार अनुशासनहिन कार्य गरेमा कार्यालयको अनुरोधमा आपूर्तिकर्ताले त्यस्तो गार्डलाई तत्कालै हटाई अर्को गार्डको यथासमयमा व्यवस्था गर्नु पर्नेछ अन्यथा कार्यालयमा कुनै क्षति भएमा आपुर्तिकर्ता माथि कार्वाहि र असुल उपर गरिनेछ ।

लक्ष्मी प्रसाद खरेल
प्रमुख प्रशासकीय अधिकृत